दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १६९ | बुटवल | २०८२ असार ०१, गते आइतबार | नेपाल संवत ११४५ | Sunday June.15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रेसलाई तर्साउने घटनाबारे सम्पादकहरूको आपत्ति

बिना सुनुवाइ समाचार सामग्री हटाउन मात्र होइन, समाचार प्रकाशन नगर्न, नगराउन भनी आएको अदालतको आदेशले प्रकाशनपूर्व प्रतिबन्ध लगाउन नपाइने संवैधानिक हक समेत उल्लंघन हुन पुगेको छ।

बुटवल । राष्ट्रिय मिडियामा कार्यरत ३४ जना सम्पादकहरुले सञ्चार माध्यममा प्रकाशित समाचार हटाउन र थप नलेख्न भनी काठमाडौं जिल्ला अदालतले दिएको आदेशले संवैधानिक हक उल्लंघन गरेको ठहर गरेका छन् ।

शनिबार विभिन्न मिडियामा कार्यरत ३४ जना सम्पादकले संयुक्त विज्ञप्ति जारी गर्दै सम्बन्धित सञ्चार संस्थालाई आफ्ना भनाइ र प्रमाण प्रस्तुत गर्ने मौका समेत नदिएको आदेशले स्वच्छ सुनुवाइको अधिकारमाथि समेत प्रश्न उठाएको उल्लेख गरेका छन् ।

'अनलाइनमा प्रकाशित सामग्रीमाथि सम्बन्धित सञ्चार संस्थालाई आफ्ना भनाइ र प्रमाण प्रस्तुत गर्ने मौका समेत नदिई त्यस्ता सामग्री हटाउन जिल्ला अदालत काठमाडौंले दिएको आदेशले स्वच्छ सुनुवाइको अधिकारमाथि समेत प्रश्न उठाएको छ,' विज्ञप्तिमा भनिएको छ-'बिनासुनुवाइ समाचार सामग्री हटाउन मात्र होइन, समाचार प्रकाशन नगर्न, नगराउन भनी आएको आदेशले प्रकाशनपूर्व प्रतिबन्ध लगाउन नपाइने संवैधानिक हक समेत उल्लंघन हुन पुगेको छ। हामी यसतर्फ न्यायिक नेतृत्वको गम्भीर ध्यानाकर्षण गराउँछौं।'

त्यस्तै पत्रकार दिलभूषण पाठकमाथि विद्युतीय कारोबार ऐन जस्तो फरक उद्देश्यले निर्माण भएको कानुन प्रयोग गरेर पक्राउ पुर्जी जारी भएकोमा पनि सम्पादकहरुले आपत्ति प्रकट गरेका छन् ।

'कसैले पनि विचार तथा अभिव्यक्ति स्वतन्त्रता अभ्यास गर्दा अप्रमाणित, अस्पष्ट सामग्री प्रस्तुत गरेमा त्यसविरुद्ध प्रेस काउन्सिल र न्यायालयमा मुद्दा दिन सकिने स्पष्ट कानुनी व्यवस्था र अभ्यास छ,' विज्ञप्तिमा भनिएको छ-'तर फरक उद्देश्यका लागि बनेको कानुनका दफा दुरुपयोग गरी सत्ताको बलमा प्रहरी परिचालन गरेर पत्रकार पक्राउ गर्न खोज्नु खेदजनक हो । यसअघि पनि कानुनको यस्तो दुरुपयोग हुँदै आएको छ । यस्तो भइरहँदा एउटै विषयमा आम नागरिक न्यायालयमा उपचार खोज्न जानुपर्ने र शक्तिशालीहरुका लागि भने प्रहरीले धरपकड गरिदिने विभेदपूर्ण अवस्था निर्माण हुन पुगेको छ।'

## एमाले–माओवादी सम्झौताले माओवादीमा मतभेद

बुटवल । भिजिट भिसा प्रकरणमा नेकपा एमाले र नेकपा माओवादीबिच भएको दुई बुँदे सहमतिलाई लिएर नेकपा माओवादी केन्द्रमा मतभेद देखिएको छ । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भिजिट भिसा प्रकरणमा विवेक पुऱ्याएर सत्तारुढ दलहरूसँग आफ्नो पार्टीले सहमति गरेको बताएका छन् । तर वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले घुमाउँरो ढंगले उक्त सहमति उचित नभएको संकेत गरेका छन् । माओवादी केन्द्रका धेरै नेता र जनप्रतिनिधिहरुले खुलेरै एमालेसँगको सहमति गलत भनेका छन् । सामाजिक सञ्जालमा पनि उक्त सहमति गरेपछि प्रचण्ड र माओवादी केन्द्रको चौतर्फी आलोचना भएको छ । कतिपयले पार्टी छाडेको घोषणा सामाजिक सञ्जालबाट गरेका छन् ।

झापाको दमका पार्टीका विभिन्न पाँच वटा मोर्चाको संयुक्त सम्मेलनको उद्घाटन सभालाई सम्बोधन गर्ने क्रममा प्रचण्डले सदनमा रोकिएका निजामती, विद्यालय र नागरिकता ऐनको संवेदनशीलतालाई बुझेर सदन अवरुद्ध गर्न नहुने निष्कर्षमा आफूसहित सिंगो पार्टी पुगेको तर्क गर्दै सहमतिको बचाउ गरे । 'हामीले छानबिनका लागि सरकारलाई बाध्य पारेपछि जनताको बृहत् हितका लागि यो गरेको हो,' प्रचण्डले भने-'एकथरी मान्छेहरू जमिन नै भासियो जस्तो गरेका छन् । यो विल्कुल वाइयात कुरा हो । हामीले जे गरेका छौं । त्यो विवेक पुऱ्याएर गरेका छौं ।'

उता माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले भिजिट भिसाबारे सरकारसँग भएको दुई बुँदे सहमतिमा गम्भीर समीक्षा गर्नुपर्ने बताएका छन् ।

पार्टीको दोलखा काठमाडौं सम्पर्क समन्वय समितिको छैटौं सम्मेलनलाई सम्बोधन गर्दै उनले यसबारेमा पार्टी अध्यक्ष प्रचण्डसँग छलफल गर्ने बताए ।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भने-'सरकारमा रहेका पार्टीहरूसँग दुई बुँदे सम्झौता भएर संसद खुलेको हो । त्यसबारेमा विभिन्न प्रतिक्रियाहरू आइरहेका छन्, त्यसबारेमा पार्टी अध्यक्षसँग प्रत्यक्ष छलफल र भेटघाट भएको छैन । त्यसकारण छलफल गरेर एउटा निष्कर्षमा नपुगी केही भन्न सक्दिनँ, तर त्यसले हाम्रो पार्टीलाई, सुशासनको अभियानलाई हित हुने गरी भयो कि भएन भन्ने प्रश्नमा समीक्षा हुनसक्छ ।'

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले पार्टीमा आधिकारिक रूपमा छलफल नगरी भन्नसक्ने स्थिति नरहेको भन्दै यो प्रकरणको मुद्दा निष्कर्षमा पुऱ्याइछाड्ने बताए ।

# रूपन्देहीका पालिकामा ६९ करोड बढी बेरूजु

**जिल्लाका १६ पालिकामध्ये आर्थिक वर्ष २०८०/८१ को एक वर्षमा मात्रै बुटवल उप-महानगरको बेरूजु सबैभन्दा बढी ८ करोड ६४ लाख ६० हजार देखिएको छ भने सबैभन्दा कम कञ्चन गाउँपालिकाको एक करोड १६ लाख ८८ हजार रुपैयाँ बेरूजु छ। गाउँपालिकातर्फ सबैभन्दा बढी बेरुजु रोहिणीको देखिएको छ।**

**मोहम्मद हबिब**
*भैरहवा*

रूपन्देहीका स्थानीय तहहरुमा एउटै आर्थिक वर्षमा मात्रै ६९ करोड बढीको बेरुजु देखिएको छ। १६ वटा पालिका रहेको जिल्लाका सबै नगरपालिका र गाउँपालिकामा नियम र परिधिभित्र बसेर खर्च गर्न नसक्दा बेरुजु देखिएको हो। हालै मात्रै महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२औं वार्षिक प्रतिवेदनमा रुपन्देहीको सबै पलिकामा ६९ करोड २१ लाख बढी बेरुजु भएको उल्लेख छ। आर्थिक वर्ष २०८०/८१ मा रुपन्देहीका १६ वटा पलिकाको लेखापरीक्षण गरिएकोमा सो संख्यमा बेरुजु देखिएको हो र यो बढ्दो क्रममा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ। पालिकाको बढ्दो बेरुजुले वित्तीय अनुशासनमा कमजोर अवस्थामा रहेको देखिन्छ। समग्र देशको अघिल्लो वर्षको तुलनामा २३ प्रतिशतले यस्तो बेरुजु बढेर ६ खर्ब ६९ अर्ब माथि पुगेको छ। महालेखा परीक्षकको कार्यालयले तयार पारेको ६२औं वार्षिक प्रतिवेदनमा मुलुकको कुल बेरुजू ७ खर्ब ३३ अर्ब पुगेको छ। कार्यालयका अनुसार आव २०८०/८१ मा ९१ अर्ब ५९ करोड रुपैयाँ बेरुजू थपिएको छ। ६१औं प्रतिवेदनमा ६ खर्ब ६९ अर्ब ८६ करोड बेरुजू कायम भएको थियो।

रुपन्देहीको सबै पालिकामा बेरुजु देखिएको छ । बेरुजु थपिए पनि कतिपय स्थानीय तहमा बेरूजु निस्किएको छैन । शून्य बेरूजु रहेका स्थानीय तहहरूमा सबै गाउँपालिका हुन । ताप्लेजुङको पाथिभरा याङवर गाउँपालिका, पाँचथरको याङवरक गाउँपालिका, काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिका, धादिङको बेनीघाट रोराङ्ग गाउँपालिका र ललितपुरको कोन्ज्योसोम गाउँपालिको काम पूर्ण पारदर्शी तथा कानुन संवत देखाइएको छ। १३९ वटा स्थानीय तहको भने १ प्रतिशतभन्दा कम बेरूजु छ । सबैभन्दा बढी बेरुजु आउनेमा सिराहाको लक्ष्मीपुर पतारी गाउँपालिका छ । यो पालिकामा एक अर्ब ६४ करोड रूपैयाँको लेखा परीक्षण गरिएको थियो। जसमध्ये २५ करोड ७७ लाख रुपैयाँ बेरुजु निस्किएको छ। यो लेखा परीक्षण गरिएको रकममा २५ प्रतिशतभन्दा बढी हो।

रुपन्देहीको बुटवल उप-महानगरपालिकामा सबैभन्दा बढी बेरुजु देखिएको छ। बुटवलको ४ अर्ब ५० करोड ६८ लाख २९ हजार लेखापरीक्षण गरिएकोमा रु. ८ करोड ६४ लाख ६० हजार बेरुजु देखिएको छ। ९७ लाख १७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी




बेरुजु असुल गर्नुपर्ने रु.३४ लाख ८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ करोड ९४ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३५ लाख ९ हजार र पेस्की बाँकी रु.३ लाख ८१ हजार रहेको छ। गत वर्षसम्म संपरीक्षणपश्चात् रु.२४ करोड ६८ लाख ७३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३३ करोड ८३ लाख ८३ हजार रहेको छ । उप-माहनगरपालिकाले अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु. ४३ करोड ९९ लाख ६५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१५ लाख ४३ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रम रु.४ लाख १५ हजार र राष्ट्रपति महिला कार्यक्रम को रु.३६ हजार समेत गरी रु. ४४ करोड १९ लाख ५९ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन।

यस्तै तिलोत्तमा नगरपालिका रु.४ अर्ब ४५ करोड ४४ लाख ७४ हजारको लेखापरीक्षण गरिएकोमा रु. ६ करोड ७ लाख ७३ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ७२ लाख १५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु.५ करोड ३५ लाख ५८ हजारमध्ये असुल गर्नुपर्ने रु. १ करोड १ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.८२ लाख २४ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ३९ लाख ४९ हजार र पेस्की बाँकी रु.१२ लाख १० हजार रहेको छ । नगरपालिकाको गत वर्षसम्मको बेरुजु रु.३१ करोड ६३ लाख ११ हजारमध्ये रु. ३ करोड ८१ लाख १४ हजार सम्परीक्षण पश्चात रु. २७ करोड ८१ लाख ९७ हजार बेरुजु बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.३३ करोड १७ लाख ५५ हजार रहेको छ।

तिलेत्तमा नगरपालिकाले पनि अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु ४३ करोड ७९ लाख ९३ हजार, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत) रु. ३ लाख ५ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. ६४ लाख १९ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु. १ करोड ६३ लाख ६२ हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. १ करोड ८७ लाख ५१ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.३ लाख ७५ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२ करोड ५५ लाख ९० हजार समेत गरी रु.५० करोड ५७ लाख ९५ हजार समावेश गरेको छैन।

यस्तै सिद्धार्थनगर नगरपालिको रु.२ अर्व २ करोड ८ लाख ९१ हजार लेखापरीक्षण गरिएकोमा रु. ६ करोड ८९ लाख २३ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. ५ लाख ६७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.३ करोड ६६ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ५२ लाख ४६ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६२ लाख २ हजार र पेस्की बाँकी रु.२ लाख ८० हजार रहेको छ। गत वर्षसम्म संपरीक्षणपश्चात् रु.८३ करोड १० लाख ८६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ८९ करोड ९४ लाख ४२ हजार रहेको छ।

» *बाँकी ३ पेजमा*

स्वरोजगार बनाउने अभियानमा बुटवल नगर :

## आर्थिक उपार्जनसँगै समाज परिवर्तनको आस

**प्रतिमा गौतम**
*बुटवल*

बुटवल नगरपालिकाले नगरवासीहरूलाई स्वरोजगार बनाउने अभियान सञ्चालनमा ल्याएको छ। यो अभियानअन्तर्गत बुटवल उप-महानगरपालिकाले विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ। जसअन्तर्गत नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम त्यस्तै उपप्रमुख उद्यमशिलता कार्यक्रम र मेयर युवा इलम कार्यक्रम सञ्चालन गरेको छ । यी कार्यक्रममार्फत् युवा तथा गृहिणी महिलाहरूका लागि स्वरोजगार उद्यमी बन्न र रोजगार सिर्जना गर्नका लागि ठूलो सहयोग मिलेको छ।

बुटवल उप-महानगरपालिका वडा नम्बर ३ आदर्शनगरमा देशका विभिन्न कुनाबाट महिलाहरू जम्मा भएका छन् । उनीहरु त्यहाँ जुत्ता बनाउने तालिम सिक्नका लागि जम्मा भएका हुन् । काखे बालक सँगसँगै जम्मा भएका दिदी बहिनीहरुले बुटवलबाट सीप सिकेर आ-आफ्नो क्षेत्रमा काम गर्ने र व्यावसायिक हुने योजना बनाएका छन् । २१ महिनाकी काखे छोरी र श्रीमानसँगै प्यूठानकी विमला सुनार यतिबेला सीप सिक्न व्यस्त छिन् । उनी भन्छिन्-'टिकटक देखेर यहाँ आएकी छु, श्रीमान वैदेशिक रोजगारीमा हुनुहुन्छ, अहिले घरमा आएको बेलामा मलाई त्यहाँ लिएर जानुभयो । ६ वटा तालिमले राम्रै भयो भने श्रीमानलाई विदेश नपठाउने सोँचमा छु।'

देशका विभिन्न भूगोलका महिलाहरुलाई जम्मा पारेर सीप सिकाउँदै आफू व्यवसायिक र स्वरोजगार बन्न सक्ने भएकी छिन्, बुटवल उप-महानगरपालिका वडा नम्बर ३ की ह्यान्डमेड (सियोना) लेडिज-स्लिपर्सकी सञ्चालक ओसिन थापा गुरुङ । बुटवल उप-महानगरपालिका वडा नम्बर ३ बाट जुत्ता चप्पल बनाउने तालिम लिएपछि ओसिनको जीवनमा ठूलो परिवर्तन आएको छ । 'टोल विकास समितिको सहयोगमा हामीले वडा कार्यालयमा जुत्ता, चप्पल बनाउने तालिमको माग लिएर गएका थियौं । हाम्रो मागलाई सहर्ष स्वीकार गरी १ लाख रुपैयाँ बजेट विनियोजन गरिदिनुभयो । २८ जना सहभागी भएका थियौं। अहिले ३ जनाले काममा निरन्तरता दिइरहेका छौं र सफल पनि भएका छौं ।'- ओसिनले भनिन् । तालिम दिन व्यस्त उनले मासिक ३ लाखसम्म कमाइ गर्न सफल भएको बताउँदै बुटवल उप-महानगरपालिकाले आफ्नो स्थापना दिवसमा उत्कृष्ट महिला उद्यमीको रुपमा सम्मान समेत गरेको भन्दै खुसि व्यक्त गरिन् । अहिले सामाजिक सञ्जालबाट आफ्नो व्यवसायलाई फस्टाउने काम गरिरहेकी छु । फेसबुक, टिकटक, इन्स्ट्राग्रामलगायतका विभिन्न क्षेत्रहरुलाई उचित रुपमा सदुपयोग गर्दै आफूलाई यो स्थानसम्म आएको उनले बताइन् । चप्पल बनाउने तालिम लिएर अहिले आफ्नै घरेलु उद्योग खोली ३५ वटा डिजाइनको चप्पल बनाएर बेच्दै उनी आत्मनिर्भर भएकी छिन्। ५ हजारबाट सुरु गरेको व्यवसायले नयाँ उर्जा उनमा थपिएको छ। घरमा पनि सबैजना 'आफ्नो ठाउँमा व्यवसाय गरिरहनुभएको छ । सासु श्रीमानको छुट्टाछुट्टै व्यवसाय छ, म आफूलाई पनि केही गर्नुपर्छ भन्ने खालको सोंच आइरहन्थ्यो, बुटवल उप-महानगरपालिकाले यो अवसर जुटाइदियो म खुसी छु।'- ओसिन भनिन्।

उनी आफू मात्र सफल भएकी छैनन् सँगसँगै आफूसँगै ५ जना दिदी बहिनीहरुको लागि रोजगारी पनि दिएकी छिन् । ह्यान्डमेड (सियोना) लेडिज-स्लिपर्सको भाउ ३५० रुपैयाँदेखि एक हजार रुपैयाँसम्म पर्ने उनको भनाइ छ।

अहिलेसम्म फ्ल्याट चप्पल मात्र बनाइरहेकी ओसिन अब हिल चप्पल पनि ल्याउने तयारीमा छिन् । ग्राहकले धेरै माग गरेकाले यस्तो चप्पल बनाउन लागेको उनले बताइन् ।

'बुटवल नगरपालिकाले धेरै तालिमहरु दिइरहेको छ । आफूलाई चित्त बुझ्ने तालिम लिएर धेरैतिर नलागि एउटै विषयमा दत्तचित्त भएर काम गर्ने हो भने अवश्य सफल भइन्छ।' - उनले भनिन्।

ओसिनसँगै तालिम लिएका बुटवल वडा नम्बर ३ कै सुनिता गुरुङ र सविता थापा पनि अहिले सफल व्यवसायी बनेका छन् । उनीहरु चप्पल बनाउँदै बेच्दै मात्र नभएर सफल प्रशिक्षक समेत बनेका छन् । त्यसैले नगरपालिकाले बुटवलका महिला दिदीबहिनीहरुलाई आत्मनिर्भर गराउनका लागि बत्ती काट्ने, फेशन डिजाइन, टेलरिङ, जुत्ता चप्पल बनाउने तालिम, बाटेको धूप बनाउने तालिम, कम्प्युटर तालिम, नेतृत्व विकास, बाद्यबादनलगायतका धेरै तालिमहरु प्रत्येक वर्ष दिँदै आइरहेको छ।

त्यस्तै बुटवल ८ की सिम्रन सुनार पनि वडाले दिएको तालिम पाएर आत्मनिर्भर बनेकी छिन् । 'सकिन्छ जस्तो लागेको थिएन, तर आँट गरेपछि हुँदोरहेछ। बिहान-बेलुका घरको काम सकेर दिउँसो चप्पल बनाउँछु ।'-सिम्रनले भनिन्।

त्यसैगरी बुटवल वडा नम्बर ६ का महिलाहरु अचार बनाउने तालिम पाएपछि उद्यमी बन्न थालेका छन्। २०८१ जेठमा उनीहरूले अचार तथा मस्यौरा बनाउने तालिम ल्याएपछि समूहमा काम सुरु गरेका हुन् । हातेमालो महिला उद्यमी समूह गठन गरेर ७ जना महिलाहरुले काम अगाडि सारेका छन्। बुटवल ६ ट्राफिकचोकमा रहेको हातेमालो महिला उद्यमी समूहले अहिले आँप, अमार, कागती, खुर्सानी, लसुन, अदुवालगायतका विभिन्न किसिमका अचारहरु बनाएर बिक्री वितरण गरिरहेका छन् । 'समूहमा बसेर काम गर्दा रमाइलो हुने रहेछ, दुःख सुख साट्दै काम गर्ने वातावरण मिलेको छ। विभिन्न किसिमका अचार अरु बनाएका छौं, सँगसँगै २ जना महिलालाई रोजगारी पनि दिन सफल भएका छौं ।'- हातेमालो महिला उद्यमीका उपाध्यक्ष शारदा श्रेष्ठले भनिन्।

संस्थाका संरक्षक लक्ष्मी भट्टराईले पैसाकै लागिभन्दा पनि हामी समूहमा काम गरौं, केही सुख, दुःख साटौं र अरूका लागि पनि प्रेरणाको स्रोत हुने हिसाबले काम गरिरहेको विचार उनले व्यक्त गरिन्।

» *बाँकी ३ पेजमा*



# सम्पादकीय

## बेरूजु नियन्त्रणको उपाय

नेपालमा प्रत्येक वर्ष बेरूजुको अंक बढ्दै गएको छ। बेरूजु बढ्दै जाने, तर फछ्र्यौट नहुने प्रवृत्ति उत्तिकै छ। २०८२ बैशाखको अन्तिममा महालेखा परीक्षकको कार्यालयले प्रकाशित गरेको ६२औं प्रतिवेदनअनुसार, आफैंले बनाएका नीतिनियम पालना नगरी सरकारले जथाभावी रूपमा बजेट खर्च गरेका कारण अहिलेसम्मको कुल बेरूजु ७ खर्ब ३३ अर्ब १९ करोड रुपैयाँ पुगेको छ। बेरूजु गत वर्षभन्दा ९ दशमलव ४५ प्रतिशतले बढेको छ । वर्षेनी बेरूजु बढ्नुको अर्थ हो, हामी सुशासनको मामलामा चुक्दै आएका छौं।

गत आर्थिक वर्ष २०८०।०८१ सम्ममा संघ, प्रदेश र स्थानीय सरकार तथा विभिन्न समितिले गरेको खर्चको लेखापरीक्षण गर्दा कुल बेरूजुमध्ये संघीय कार्यालयहरूको ३ खर्ब ७५ अर्ब रुपैयाँ पुगेको छ भने प्रदेश कार्यालयहरूको बेरुजु ३० अर्ब ४८ करोड पुगेको छ। स्थानीय तहहरूको बेरूजु रकम २ खर्ब ९ अर्ब र समिति र अन्य संस्थाको बेरूजु १ खर्ब १७ अर्ब रुपैयाँ पुगेको हो। वार्षिक प्रतिवेदनअनुसार, गत वर्षको खर्चमा मात्र बेरुजु ९१ अर्ब ५९ करोड रुपैयाँ थपिएको छ।

बेरुजु भन्नाले ऐन नियममा तोकिएका विधि र सर्त पूरा नगरी गरिएको खर्च हो। त्यस्तो खर्च अनियमितताको कारणबाट आर्थिक अनुशासनको सुनिश्चिततामा गम्भीर चुनौती बनेको छ । स्वतन्त्र लेखापरीक्षणका लागि संवैधानिक सर्वोच्च निकाय महालेखापरीक्षकको कार्यालयभित्र पर्न आउँछ। लेखापरीक्षणलाई सुव्यवस्थित र प्रभावकारी बनाउन विभिन्न नीतिनियम र सिद्धान्तहरूको व्यवस्था गरिएका हुन्छन् । लेखापरीक्षण ऐन, २०७५ नेपाल सरकारी क्षेत्र लेखापरीक्षण मापदण्ड, सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनद्वारा प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको आधारमा जोखिम पहिचान र मूल्यांकन गरी योजना तर्जुमा गर्ने, लेखापरीक्षणका कार्यक्रममा पर्याप्त र सान्दर्भिक प्रमाण संकलन गर्न नमूना छनोट एवं विस्तृत परीक्षण गर्ने आदिजस्ता महत्त्वपूर्ण विषयलाई अवलम्बन नगरेको देखिन्छ। त्यसैले बेरुजु बढ्दै गएको देखिन्छ।

बजेट अबण्डा राखी खर्च गरेको, सार्वजनिक खरिद कानुनको परिपालना हुन नसकेको, उपभोक्ता समितिबाट जटिल, प्राविधिक कार्य गराएको, पूर्वाधार निर्माणमा गुणस्तर कमजोर छ। सार्वजनिक सम्पत्तिको एकीकृत अभिलेख व्यवस्थित नरहेको, सार्वजनिक सम्पत्ति लिज तथा पट्टामा दिँदा प्रतिस्पर्धात्मक र पारदर्शी हुन सकेको देखिँदैन। सार्वजनिक निकायको संरचना र कार्यक्षेत्रमा दोहोरोपना रहेको देखिन्छ। गुनासो सुनुवाइमा विद्युतीय माध्यमको प्रभावकारी प्रयोग हुन नसकेको, पुरस्कार र दण्ड पद्धति प्रभावकारी हुन नसकेको, तीन तहका निकायमा कार्यक्षेत्रगत दोहोरोपना र अन्तर तह समन्वयको अभाव रहेको छ। अनुत्पादक खर्चमा नियन्त्रण नभएको तथा प्रदेश र स्थानीय तहका कानुनबमोजिमका स्पष्ट निर्देशिका, मार्गदर्शन बन्न नसकेको, प्रदेश तथा स्थानीय तहको आन्तरिक आय परिचालन प्रभावकारी हुन नसक्ने समस्या पनि छँदैछन्।

नेपालमा बढ्दै गएको बेरुजुको समस्या तथा चुनौतीहरूलाई हटाउन विभिन्न उपाय अपनाउनु आवश्यक छ। राजनीतिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी संस्थाहरूमा हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा ल्याउने र दण्ड पुरस्कारको व्यवस्थालाई प्रभावकारी रूपमा लागु गर्नु आवश्यक छ। राजनीतिक स्थिरता कायम गरी छिटो लम्बिँदै संक्रमणकालको अन्त्य गर्ने, नैतिक मूल्य र मान्यताको अवलम्बन गरी भ्रष्टाचारलाई सामाजिक रूपमा बहिष्कृत गर्नुपर्ने, दण्डहीनताको अन्त्य गरी प्रभावकारी अनुगमन र मूल्यांकनमा जोड दिनुपर्छ। अन्तर्राष्ट्रिय समन्वय गर्नु जरुरी छ। प्रचलित ऐन कानुनलाई प्रभावकारी रूपमा लागू गर्ने, प्रचलित ऐन कानुनलाई प्रभावकारी बनाउन आवश्यक छ।

# कुशल कर्मचारी छान्ने अभिभारा



डा. खगेन्द्रप्रसाद सुवेदी



मानिसमा राज्यको अवधारणाको विकाससँगसँगै कार्य विभाजनले स्थान पायो । राजाले मन्त्री छान्दा कस्तो छान्ने त ? चाणक्यले भनेका छन्-"जो आफ्नै देशको होस्, घराना परिवारमा जन्मिएको होस् र राजाको नियन्त्रणमा काम गर्ने होस् । उसले सबै कलाको सीप प्राप्त गरेको हुनु पर्छ साथै दूरदृष्टि भएको, तार्किक क्षमता रहेको व्यक्ति हुनु जरुरी छ। उक्त व्यक्ति बुद्धिमान, अरूलाई कुरा बुझाउन सक्ने क्षमता भएको, बोल्न, लेख्न सिपालु, कार्य तत्परता भएको, साहसी, बहादुर, दुःखपूर्ण अवस्थामा पनि विचलित नभई समस्याको सामाना गर्न सक्ने, बफादार हुन पर्छ। ऊ न त हठ स्वाभावको न त साह्रै हल्का, मध्यम प्रकृतिको हुन पर्छ। उक्त उच्च तहको मन्त्री जनताको मन सजिलै जित्न सक्ने, जनताको माझ रमाउन सक्ने, अरूको मन नदुखाउने प्रकृतिको हुनु पर्छ ।" यसरी चाणक्यले उच्च तहमा राज्यको तर्फबाट काम गर्ने मन्त्री हुन र उच्च तहका अन्य पदाधिकारी छनोटमा माथि उल्लेख गरिएको पृष्ठभूमि र गुण भएको खण्डमा उक्त व्यक्तिले राज्यको (तत्कालीन राजाको) अपेक्षा पूरा गर्न सक्छ भन्ने थियो।

विश्वमा लिखित परीक्षाको प्रारम्भ चीनको सू-राजतन्त्रकालको इसं ६०५ मा सुरु भई १३०० वर्षपछि क्विन राजतन्त्रको काल सन् १९०५ सम्म पनि रह्यो । उक्त पद्धतिलाई इसं १८०६ मा विशेष प्रकृतिका पदमा उम्मेदवार छनोट गर्ने प्रयोजनार्थ इङ्ल्यान्डले 'हर मेजेस्टीको सिभिल सर्भिस' मा अपनायो । आधुनिक युगमा आइपुग्दा उन्नाइसौं शताब्दीसम्ममा योग्यता प्रणालीमा आधारित छनोट प्रणालीको स्थापना हुन पुग्यो । सन् १८०६ मा 'ब्रिटिस इस्ट इन्डिया' कम्पनीले लन्डनमा परीक्षा प्रशासनको प्रशिक्षणका लागि एउटा कलेज खोल्यो। सन् १८२९ मा उक्त कम्पनीले सिभिल सर्भिस शब्द प्रयोग गर्‍यो।

भारतमा कर्मचारी छनोट गर्ने प्रयोजनका लागि सन् १८५३ मा 'विलियम ग्लाडस्टोन,' 'सर स्टाफोर्ड नर्थकोट' र 'चार्ल्स ट्रेभेलियन' को समितिले सिभिल सर्भिसको सङ्गठन र कार्यान्वयनका तरिका बारे काम गरे परिणाम त परीक्षाका लागि मापदण्डसहितको लिखित परीक्षा, सामान्य शिक्षा, अन्तरविभाग सरुवा, पदसोपान, बढुवालगायतका विषयमा सिफारिस गर्‍यो र त्यसको प्रभाव संसारभर पर्न गयो।

नेपालमा पनि त्यसको प्रभाव नपर्ने कुरै भएन, पृथ्वीनारायण शाहले राज्य एकीकरणको क्रममा लिएको अनुभवका आधारमा उनले एकीकरणको मूल ध्येयमा ठेस नपुग्ने गरी भाई भारदारको इच्छा पूरा गरे । पृथ्वीनारायणले नेपाल एकीकरण गर्दाको बखत सेनाको तयारी गरेका थिए। उनले भाइभारदारलाई दिव्योपदेश दिँदा छनोटका लागि केही जातलाई सिफारिस गरेको पाइन्छ, जसमा लडाका जातको रूपमा "खस, मगर, गुरुङ र ठकुरी मिलाएर सेनामा भर्ना गर्नु यी चार जातबाट बैरी (शत्रु) त के इन्द्रको आसन पनि डग्मगाउँछ" भनेका छन्। अनजानलाई ठूलो पद नदिनु, पुराना सेवकलाई आफ्नो निकटमा राख्नु, पाँडे, बस्नेत, पन्त, मैयाद, मगरलाई आलोपालो गरी पद दिनु भनि त्यसबेला काम, जात र थर भएका विशेष गुण एवं स्वभाव र पृष्ठभूमिका आधारमा पहिलो प्राथमिकतामा राखेको पाइन्छ । अन्जानलाई ठूलो अधिकार नदिनु भन्नु नै उसको गुण र स्वभावको पुष्ट्याइ भई सुनिश्चित नहुन्जेल सतर्क रहने र निगरानीमा राखिरहने भनेको हो।

नेपालको अन्तरिम शासन विधान २००७ को प्रावधान अनुसार विसं २००८, असार १ गते पब्लिक सर्भिस कमिसन स्थापना भयो । जसको हीरक वर्ष यो वर्ष मनाइरहेको छ । देशमा राणाकालमा पक्षपातपूर्ण व्यवहारको कारण निष्पक्षताको कडी नै प्रमुख ओखती भएकाले त्यो एजेन्डालाई लोक सेवा आयोगले परीक्षणको मुख्य औजार बनायो। यसरी आजसम्म बनेका संविधानमा लोक सेवा आयोगको निरन्तर प्रावधान रहेको छ । संस्थानका कर्मचारी छनोटमा आयोगमा हाल गरेको व्यवस्था विसं २०२३ मा पनि गरेको थियो र पछि विविध कारणबाट हटाएको इतिहास छ। आयोगले उपलब्ध जनशक्तिलाई ध्यानमा राखी स्थापनाकालका बखतमा अप्राविधिक तर्फको जनशक्ति छनोटमा लिखित परीक्षा लिए पनि कतिपय प्राविधिक पदमा उम्मेदवार नै नपाइने हुँदा अन्तर्वार्ताबाट मात्र छनोट गरिन्थ्यो । विसं २००७ को क्रान्तिपश्चात् सर्वसाधारणलाई पढ्न पाउने व्यवस्था भएपछि नेपालमा औँलामा गनिन सक्ने स्नातक रहेको अवस्थामा सबैलाई लिखित परीक्षा पनि कति सम्भव थियो ? तत्कालीन समयमा कामकाजमा आवश्यक पर्ने गणित, इतिहास, भूगोल र प्रशासनिक व्यवस्थाका विषयबाहेकको विकल्प थिएन।

कर्मचारी छनोट प्रणालीमा बेलायतको प्रभाव स्वाभाविक रूपमा पर्‍यो । सेनामा भर्ना गर्ने विधि अन्तर्राष्ट्रियस्तरको स्थापित भए पनि निजामतीतर्फ त्यस्तो अभ्यास भएको थिएन। विषयको ज्ञान र निष्पक्षता तथा तटस्थता नै कर्मचारी छनोटमा प्रमुख ध्येय बन्यो। विषयगत परीक्षा प्रणाली प्रारम्भमा सुरु भए पनि विसं २०२४ देखि आयोगमा मनोविज्ञानका विशेषज्ञ (स्व. माधवबहादुर सिंह कार्की) प्रवेश गराएपछि वस्तुगत परीक्षा प्रणालीसमेतको आरम्भ भई विषयगत र वस्तुगत दुवै परीक्षा प्रणाली अवलम्बन हुन पुगे । विसं २०२४ सालमा परीक्षण प्रविधि शाखामा मनोवैज्ञानिकलाई स्थापित गराएपछि आइक्यु परीक्षा, समूह योजना, सामूहिक छलफल, मौजुदा लेखन जस्ता विषय माधवबहादुर सिंह (मनोवैज्ञानिक) को परामर्श र सक्रिय सहयोगमा वस्तुगत परीक्षा प्रणाली प्राविधिक पदतर्फ एवं तत्कालीन शैक्षिक परीक्षा प्रणाली अनुरूप आयोगको परीक्षा पद्धतिमा अभियोजन भयो।

लिखित परीक्षा (विषयगत वा वस्तुगत) सबै ज्ञानको तहमा मात्र परीक्षणको रूपमा रहे, मुख्य विषय निष्पक्षता कायम गर्नु थियो । विशेष गरी छनोट प्रणालीलाई वस्तुनिष्ठ र निष्पक्षता उन्मुख गराउने विषयमा पाठ्यक्रम निर्माण भए उक्त पाठ्यक्रमले नेपालको शैक्षिक पाठ्यक्रम र त्यसका खास विषय वस्तुलाई जस्तै भूगोल, इतिहास, संस्कृति, नेपालको परिचय, सामान्य अङ्क गणितीय ज्ञान र पेसासँग सम्बन्धित विषय वस्तुबाट प्रारम्भ भएको कर्मचारी छनोटको पाठ्यक्रम आखिर क्रमिक सुधार भए पनि त्यही सेरोफेरोमा परिवर्तन भइ रहे। आजसम्म आउँदा केही सुधार देखिए पनि त्यसले उम्मेदवारको ज्ञानको परीक्षण गर्दै निष्पक्षताको काम गरेको छ । सुधारका पहल निरन्तर भएको छ । आयोगले विभिन्न श्रेणीमा कुन स्तरका प्रश्न सोध्ने भन्ने विषयमा विसं २०६३/६४ मा ज्ञानका तहलाई तीन वटा क्षेत्रमा जस्तै अवधारणात्मक ज्ञान, प्रक्रियात्मक ज्ञान र उच्च संज्ञानात्मक ज्ञान भनी वर्गीकरण गरियो। उक्त तीन वटै तहमा प्रयोग हुने क्रियापदसमेत उल्लेख भएका छन्। त्यसको परिपालानाले प्रश्नको स्तरलाई थप स्तरीय कायम गर्न मद्दत पुगेको छ। तथापि जनचाहानाको अपेक्षासँग अझैं परीक्षणका विधिको प्रयोग र भार मिलाउनु जरुरी छ।

परीक्षण विधिको आधुनिक सुधारस्वरूप विसं २०७३ सालदेखि आयोगले निजामती सेवाका लागि आधुनिक परीक्षाको रूपमा राप प्रथम श्रेणीका अधिकृतका लागि मामिला प्रस्तुतीकरण र विसं ०७५ देखि राप द्वितीय श्रेणीका अधिकृतका लागि 'इन बास्केट' अभ्यासलाई सुरु गरिसकेको छ । राप प्रथम श्रेणीको सक्षमता सर्वेक्षणको आकडाबाट पाइएकाले त्यसलाई परीक्षणका रूपमा राखियो जसमा आफ्नो कार्यक्षेत्रको जिम्मेवारीमा पर्ने उक्त तहको पदमा आइपर्ने कुनै घटना विशेष समस्याका रूपमा दिई प्रस्तुति तयारी गराई मूल्याङ्कनकर्ता समक्ष प्रस्तुति दिनु पर्छ। राप द्वितीय श्रेणीको उपसचिव वा सोसरह तहको पदमा दैनिक विभिन्न पत्र, इमेल, फ्याक्स, टिप्पणी, आन्तरिकपत्र, निर्देशन, सम्पन्न गर्नुपर्ने टेलिफोनबाट आएका मेसेजको कामकारबाहीमार्फत् प्रकरणको जरुरीपन, मानवीयता, विशिष्टता, संवेदनशीलता, समयको सीमितता आदिका आधारमा काम कारबाही अगाडि बढाउनुपर्ने, कार्यलाई यथासमयमा नै प्राथमिकीकरण गरी औचित्यका आधारमा पुष्ट्याइँसहित सम्पन्न गर्ने, गराउनुपर्ने हुन्छ।

कुन काम पहिले र पछि गर्नु पर्छ भन्ने विषयको परीक्षण उक्त इन बास्केट अभ्यासमा परीक्षण सामग्रीमार्फत् गरिन्छ । 'इन बास्केट' अभ्यास कुनै लेखपढ गरेर जान्ने विषय होइन, यो परीक्षण सामान्यत कुनै पनि अधिकृत तहमा काम गरिसकेको व्यक्तिको आफ्नो कार्यसम्पादनको तरिकाको बारेमा जानकार र दत्तचित्त भई आफैंले अधिकृत तहमा जहासुकै काम गरेको व्यक्तिका लागि एकदमै सहज विधि हो । त्यसमा सैद्धान्तिक लेख्ने विषय केही हुँदैन। निर्देशन पनि मानक रूपमा परीक्षापूर्व नै अध्ययन गर्न दिएको हुन्छ, त्यहाँ केवल काम गर्नुपर्ने बास्केटभित्र रहेका उक्त काम कुन पहिले गर्ने, किन पहिला गर्ने, उक्त कार्य सम्पन्न गर्नलाई के के गर्नु पर्छ भन्ने कुरा मात्र अथवा कसरी गर्ने भन्ने विषय मात्र निर्देशन र 'फर्म्याट' दिए अनुसार गर्नुपर्ने हुन्छ । अरू परीक्षा जस्तो यो अध्ययन गरेर आउने परीक्षा होइन, यो त अकल लगाउने परीक्षा हो । यी परीक्षा विभिन्न चरणका परीक्षा समाप्त भइसकेपछि अन्तर्वार्ताको चरणमा पुगेका सीमित उम्मेदवारलाई मात्र लिइने गरिन्छ। यो विधि व्यक्तिको विभिन्न क्षमताको परीक्षण गर्न र कार्यसम्पादन शैली र विषयको गाम्भीर्यता पहिल्याउन सक्ने व्यक्तिको तुलना गर्न अति नै उत्तम परीक्षणको रूपमा लिइन्छ।

विज्ञहरूले यसलाई अहिलेसम्मकै उत्कृष्ट परीक्षण सामग्रीका रूपमा लिएको पाइन्छ । यसर्थ समयसापेक्ष विश्व परिवेशसँग सामना गर्न सक्ने जनशक्ति छनोट गर्न सैद्धान्तिक ज्ञानका साथै बढी व्यवहारात्मक पक्षको परीक्षण गर्नु आजको अपरिहार्यता र सेवाग्राहीको माग अनुकूल हुन्छ । तटस्थता, निष्पक्षताका साथै व्यवहारको परीक्षणमा जोड दिँदै जानुले योग्यता प्रणालीको कदर हुन्छ।

सूचना प्रविधिको तीव्रत्तर विकाससँगै सर्वसाधारण सेवाग्राहीले सेवा प्रवाहका लागि नीति निर्माणमा संलग्न हुने उच्च पदाधिकारीदेखि कार्यान्वयनको तहमा रहने कर्मचारी वर्ग सबैलाई प्रभावकारी नीतिको अभाव र कार्यान्वयनमा ढिलासुस्ती र आचरण तथा व्यवहारमा खोट देखाउने गरेका छन्। यसको मतलब समय अनुसार सुधारको गुञ्जायस प्रसस्तै छन् । हामीले सुधारका लागि घस्रने होइन दौडने बेला भइसकेको छ । अब हामी हाम्रो आफ्नो कार्य क्षेत्र बढेको सन्दर्भमा संसारका उत्कृष्ट छनोट विधिसँग मिल्दा आधुनिक छनोटका विधि अनुकूलन गरी द्रुत नतिजा दिने खालका परीक्षण विधि अवलम्बन गर्नुपर्ने बेला भइसकेको छ। सेवा प्रवाहमा चाहिने मनोवृत्ति, सेवाभाव, रचनात्मकता, राष्ट्र सेवाको भावना बोकेको र अनुशासित भई कर्मक्षेत्रमा सबै सेवाग्राहीसँग समान सेवाभाव राखी न्यायपूर्ण र विवेकपूर्ण तरिकाले कार्यसम्पन्न गर्ने चरित्रवान् कर्मचारी भित्र्याउनु जरुरी छ । यसका लागि संज्ञानात्मक परीक्षणको भन्दा बढी व्यवहारात्मक पक्ष (जस्तै मनोवृत्ति, सेवाग्राही केन्द्रित मनोवृत्ति परीक्षण, कार्य नमूना परीक्षण, व्यक्तित्व परीक्षण, अनुशासन परीक्षण, कार्य तत्परता परीक्षण, नयाँ विषय सिक्न सक्ने क्षमता परीक्षण, इमानदारी, विश्वसनीयताको परीक्षण) सँग सम्बन्धित आधारभूत कार्यसँग सम्बन्धित कलाकौशल, व्यवहारात्मकशैली परीक्षण विधि अपनाउनु जरुरी छ।

व्यक्तिमा बुद्धि भएर मात्र हुँदैन, त्यसलाई विवेकमा रूपान्तरित गरिएन भने, कसैले जानेर पनि काम गरेन भने त्यसको के काम ? कसैसँग ज्ञान छ, त्यो ज्ञानलाई कार्यशैलीमा रूपान्तरण गर्ने सीप छैन भने पनि त्यसको नतिजा प्रभावकारी आउँदैन। बुद्धि र विवेक फरक कुरा हो भने विषय जान्नु र कर्ममा उतार्नु फरक विषय हुन्। परीक्षण गर्ने निकायले राज्य र जनता अपेक्षित क्षमता, गुण र व्यवहारका खास खास विशेषताको परीक्षण गर्ने परीक्षण प्रविधिमा द्रुत रूपमा रूपान्तरित हुनु जरुरी छ । आजको परिवर्तित सन्दर्भमा लोकसेवा आयोगले आफ्नो परीक्षण प्रविधि सुधार गर्न अनुकूल वातावरण तयार गर्नु जरुरी छ । यसका लागि आवश्यक अन्य पूर्वाधारमा सम्बन्धित सबैको सहयोग अपेक्षित रहन्छ। आज लोकसेवा आयोग हीरक महोत्सव मनाउने दिनमा पुगेको छ, यसले धेरै लामो कार्य अनुभव बोकेको छ। संविधानले आयोगलाई थप संवैधानिक जिम्मेवारी दिएको छ। विसं २०८२ भर ७५ वर्ष पुगेको उपलक्ष्यमा आयोगले हीरक महोत्सवमा उत्साही कार्य गरिरहने छ । जे होस् बुद्धि र व्यवहार दुवैको परीक्षण गर्नु गरुरी छ । आयोगलाई राज्यको कुशल कर्मचारी छान्ने गहन संवैधानिक अभिभारा छ। त्यो अभिभारा पूरा गर्न आयोग सधैँ दत्तचित्त भएर लाग्ने। गोपबाट

# रक्सी नपिउनेमा पनि कलेजोको समस्या

पवित्रा सुनार



केही वर्षअघिसम्म रक्सी पिउनेलाई मात्र लिभरसिरोसिस (कलेजो बिग्रिने) रोग लाग्छ भनिन्थ्यो । तर पछिल्लो समय रक्सी नपिउनेहरूमा पनि यो रोग बढ्दै गएको पाइएको छ। यो रोगबाट केही वर्षभित्रै धेरै प्रभावित हुने आकलन कलेजो रोग विशेषज्ञहरूले गरेका छन्।

नेपाल मेडिसिटी अस्पतालका ग्यास्ट्रोजिस्ट डा. सुनिलकुमार शर्माले चीन, भारतजस्ता देशमा पहिल्यै रक्सी नपिउनेहरू (ननअल्कोहोलिक) मा यो रोग देखिएको र नेपालमा पनि अबको केही वर्षमै यसका बिरामी पर्याप्त देखिने बताए । 'अबको पाँचदस वर्षमा नेपालमै उल्लेखनीय संख्यामा ननअल्कोहलिक लिभरसिरोसिस देखिनेछ।'-उनले भने।

वीर अस्पतालका निर्देशक तथा हेपाटोलोजिस्ट डा. दिलीप शर्माका अनुसार पछिल्लो समय अस्पतालमा मोटोपना, उच्च रक्तचापजस्ता रोग लिएर उपचारमा आउने बिरामीमध्ये २० प्रतिशतमा ननअल्कोहलिक फ्याटी लिभर (रक्सी सेवन नगर्नेमा कलेजोमा बोसो जम्ने समस्या ) देखिएको छ। यी बिरामीमध्येमा १ देखि २ प्रतिशतमा लिभरसिरोसिस (कलेजो बिग्रेको समस्या) देखिएको छ । डा. शर्मा भन्छन्-'ननअल्कोहोलिक फ्याटी लिभर नेपालमा दिनहुँ बढ्दो संख्यामा देखिन्छ।'

मेडिसिटी अस्पतालका हेपाटोलोजिस्ट डा. उमिद श्रेष्ठले आजको जीवनशैलीले फ्याटी लिभर बढाएको र बेवास्ताका कारण लिभरसिरोसिसको अवस्थामा पुग्ने बताए । विशेष गरी अत्यधिक मात्रामा मोटोपना, व्यायामको कमीले यस्तो रोग बढ्दै गएको उनले औंल्याए। 'ननअल्कोहोलिक फ्याटी लिभर बढ्दै गएको छ। भविष्यमा उनीहरूको कलेजो बिग्रिन सक्छ।'- उनले भने।

डा. शर्माका अनुसार चीनमा गरिएको एक अध्ययनले रक्सी सेवन गर्नेबाहेक नगर्नेमा पनि लिभरसिरोसिस देखिएको छ । कारण अस्वस्थकर जीवनशैली हो । अत्यधिक चिल्लो खानेकुरा, आरामदायी जीवनशैली, व्यायामको कमी, पत्रुखाना (जंकफुड) को प्रयोगलगायत कारण नेपालमा रक्सी नपिए पनि लिभरसिरोसिस हुन थालेको चिकित्सक बताउँछन्।

नेपालमा अस्वस्थकर जीवनशैली बढ्दै जाँदा रक्सी सेवन नगर्नेमा पनि लिभरसिरोसिस समस्या देखिने डा. रामबाबु शाह बताउँछन्। उनका अनुसार विशेष गरी मोटोपना हुने, तौल बढी हुने, उच्च रक्तचापबाट ग्रसित, टाइप टु मधुमेह हुने, अस्वस्थकर खाना खाने, खाना खानेबित्तिकै सुत्ने, पत्रुखाना खाने, चिल्लो, गुलियो धेरै खाने व्यक्तिमा ननअल्कोहलिक फ्याटी लिभरको समस्या पाइएको छ।

फ्याटी लिभरको समयमै उपचार नगरे या हेरचाह नभए कलेजोमा फाइब्रोसिस हुने र यसको पनि समयमै उपचार नभए लिभरसिरोसिस हुन्छ। यस्तो अवस्थामा लिभरसिरोसिस मात्र नभएर लिभरको क्यान्सरसमेत हुन सक्ने डा. दिलीप शर्मा बताउँछन्।

चिकित्सकका अनुसार पेट दुख्नु, थकाइ लाग्नु, खाना खान मन नलाग्नु, पेटमा पानी भरिनु, मुखबाट रगत बग्नु, कालो दिसा हुनु, शरीर गल्दै जानु, बेहोस हुनुजस्ता सामान्यदेखि कडा लक्षण लिभरसिरोसिस हुँदा देखिन्छन्। स्वस्थ जीवनशैली अपनाएर समयमै उपचार तथा हेरचाह गरे लिभरसिरोसिको जोखिमबाट बच्न सकिने चिकित्सक सुझाउँछन्। चिकित्सकका अनुसार नियमित व्यायाम गर्ने, स्वस्थ तथा सन्तुलित खाना खाने गरे लिभरसिसको जोखिमबाट बच्न सकिन्छ। साथै चिल्लो, गुलियो खाना नखाने, बढी कार्बोहाइडेटजन्य खाना नखाने, खानामा सागपात तथा फलफूल समावेश गर्ने गरे कलेजोमा बोसो जम्नबाट बच्न सकिन्छ । बोसो नजमेको कलेजोले मात्र नियमित काम गर्न सक्छ र बिग्रिने जोखिम कम हुन्छ।

# किसानद्वारा एक लाख २८ हजार केजी रैथाने बीउ उत्पादन



राँझा । बाँकेका किसानले एक लाख २८ हजार बढी स्थानीय रैथाने जातको धान र गहुँको बीउ उत्पादन गरेका छन् ।

बाँकेमा स्थानीय जातको खाद्यबालीको बीउ संरक्षण गर्दै आएको साकार कृषि सहकारी संस्था लिमिटेडका ६६ बीउ उत्पादक शेयर सदस्य किसानले धान र गहुँको एक लाख २८ हजार ८०२ केजी स्थानीय रैथाने जातको बीउ उत्पादन गरेका हुन् । किसानले ८३ हजार ४३० केजी धान र ४५ हजार ३७२ केजी गहुँ गरी जम्मा एक लाख २८ हजार ८०२ केजी स्थानीय रैथाने जातको बीउ उत्पादन गरेको साकार कृषि सहकारी संस्थालिका अध्यक्ष हुमाशङ्कर वलीले बताए ।

साकार कृषि सहकारी संस्थाले लुम्बिनी प्रदेश सरकारसँगको साझेदारीमा ६६ बीउ उत्पादक शेयर सदस्यलाई रु ८३ हजार ७२१ प्रोत्साहन रकम वितरण गरेको अध्यक्ष वलीले जानकारी दिए । उनले सहकारीको माध्यमबाट आफूहरूले कृषि उत्पादन र बजारीकरणमा जोड दिँदै कृषिबाट शेयर सदस्यको आर्थिकस्तर बढाउन लागिपरेको बताए ।

उनका अनुसार, गत आर्थिक वर्षमा शेयर सदस्यमध्ये राप्ती सोनारीका चक्रबहादुर थारुले सबैभन्दा धेरै १४ हजार ८३७ केजी बीउ उत्पादन गरी रु नौ हजार ६४४ प्रोत्साहन रकम प्राप्त गर्न सफल भएका छन् ।

यसैगरी खोजलाल थारुले १० हजार ७९० बेजी बीउ उत्पादन गरी रु सात हजार १३ र गाउँपालिका अध्यक्ष पौडेलले गत आर्थिक वर्षमा नौ हजार ५०८ केजी बीउ उत्पादन गरी रु छ हजार १८० प्रोत्साहन रकम प्राप्त गरेको अध्यक्ष वलीले बताए ।

बाँकेको राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्थाले स्थानीय रैथाने जातको खाद्य बालीको बीउ संरक्षण गर्दै आएको छ । एक दशकदेखि किसानलाई आवश्यक पर्ने स्थानीय रैथाने जातको धान, मकै, गहुँ, मसुरो र तोरीको बीउ उत्पादन गरी किसानलाई सहज र सुलभ मूल्यमा उपलब्ध गराउँदै आएको साकार कृषि सहकारी संस्थाका मुख्य व्यवस्थापक जमानसिंह वलीले जानकारी दिए ।

“हामीले दश वर्षदेखि जिल्लामा उत्पादन हुने खाद्यबालीको बीउ उत्पादन गरी वितरण गर्दै आएपछि किसानलाई बीउ जोगाएर राख्नु पर्ने बाध्यता हटेको छ”, उनले भने-“हामीले कृषि अनुसन्धान केन्द्र खजुराबाट सिफारिस स्थानीय रैथाने जातको गुणस्तरीय बीउ उत्पादन गरी वितरण गर्न थालेपछि किसानलाई ठूलो राहत भएको छ ।”

सहकारीले यो वर्ष साकार कृषि सहकारीले एक हजार १०० क्विन्टल धानको बीउ बिक्री वितरण गरेको छ । गत वर्ष एक हजार ५०० क्विन्टल धानको बीउ बिक्री वितरण गरेको थियो । गत वर्षको तुलनामा यो वर्ष धानको बीउ केही कम उत्पादन भएको छ । कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख विनोद घिमिरेले सहकारी संस्थाले किसानलाई बीउ उत्पादन कार्यमा प्रोत्साहन गर्ने कार्य स्राहनीय भएको बताए ।

उनले सहकारीसँग समन्वय गरेर बाँके जिल्लामा बीउ उत्पादन कार्य आवश्यक सहयोग गर्ने जनाए ।

राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले गाउँपालिकाका किसानलाई स्थानीय रैथाने जातको बीउ संरक्षणमा प्रोत्साहन गर्न आफूले समेत धान र गहुँबालीको बीउ उत्पादन गर्दै आएको बताए । उनले राप्ती सोनारी गाउँपालिकालाई कृषि कर्मबाटै आर्थिक समृद्धितर्फ लैजान आफू लागि परेको जनाए ।

लुम्बिनी प्रदेशसभा सदस्य कृष्णा केसी नमूनाले बाँकेको राप्ती सोनारी र नरैनापुर गाउँपालिका क्षेत्र अहिले पनि कृषि उत्पादनको लागि उपयुक्त रहेकाले आफूले प्रदेश सरकारसँग आवश्यक समन्वय गर्दै आएको बताए ।

साकार कृषि सहकारी संस्थाको राप्ती सोनारी-५ बिनौनामा रहेको गोदाम घरमा बीउ उत्पादन र भण्डारण हुँदै आएको छ । गोदाम घर साँघुरो भएकाले आधुनिक गोदामघर निर्माणको लागि गाउँपालिका, लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारसँग आवश्यक सहयोगको लागि आग्रह गरिएको सहकारीका व्यवस्थापक भरत केसीले जानकारी दिए ।

“स्थानीय जातका धानका बीउको विशेषताबारे स्थानीय कृषकलाई जानकारी दिई खेतमा लगाउनका लागि उत्प्रेरण दिँदै आएका छौँ”, सहकारीका व्यवस्थापक केसीले भने-“कृषकले स्थानीय जातका धानको महत्व बुझेर हाल पुनः छाड्दै गएका धानको खेती गर्न थालेका छन् ।”

उनका अनुसार, स्थानीय जातको धान रोग कीरा प्रतिरोधी, सुक्खा सहन सक्ने र डुबान भएमा समेत थोरै मात्रै नोक्सानी हुने भएकाले धेरै टाढाबाट पनि यही जातका धानको बीउको खोजी गर्न किसान यहाँ आउने गरेका छन् । सहकारीले लागत खर्च कटाएर सहुलियतमा धानको बीउ उपलब्ध गराउँदै आएको छ ।

# टरुवा ताल संरक्षणका लागि जलकुम्भी हटाइँदै



नवलपरासी । जलकुम्भीले ढाकेर नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीस्थित ऐतिहासिक टरुवा तालको अस्तित्व सङ्कटमा परेसँगै यसलाई जोगाउन ताल सफाइ गर्न थालिएको छ । ताललाई जलकुम्भीसहित झारले ढपक्क ढाकेर अस्तित्व नै सङ्कटमा पर्न थालेसँगै सफाइकार्य सुरु गरिएको हो ।

पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेको ताल कावासोती नगरपालिका-७ र ८ मा पर्दछ । कावासोती तालका रूपमा समेत चिनिने यस तालको क्षेत्रफल ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेशको अभिलेखअनुसार तीस हजार ७१३ वर्ग मिटर रहेको छ । ताललाई जलकुम्भीसहितका झारले ढाकेर हरियो चौर जस्तो देखिने अवस्थामा पुगेपछि कावासोती नगरपालिकाले यसको सफाइ थालेको हो ।

प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् तालको सफाइ काम सुरु गरिएको रोजगार शाखा कावासोतीका रोजगार संयोजक प्रतिक्षा पौडेलले बताए । एक हप्तादेखि तालको सफाइको काम जारी रहेको उनले जनाए । रोजगार सिर्जनासँगै तालको सफाइको काम हुने भएकाले जनशक्ति परिचालन गरिएको उनले जानकारी दिए । नियमित रूपमा तालको सफाइको काम हुन नसकेको अवस्थामा अहिले रोजगार शाखाद्वारा जनशक्ति परिचालन गरी सफाइको काम थालिएको हो । दैनिक रूपमा करिब पच्चिस जनाको हाराहारीमा जनशक्ति ताल सफाइमा जुटेका छन् । ‘बेरोजगारको सूचीमा नाम टिपाएकालाई केही दिन रोजगारमा जोड्ने गरी ताल सफाइमा जुटेका हौँ, यसले ताललाई पुरानो अस्तित्वमा फर्काउन सहयोग पुग्ने विश्वास छ ।’- कार्यक्रम संयोजक पौडेलले भने । केही वर्ष अघिसम्म ताल सफा रहेको थियो । नियमित सफाइ नगर्दा ताललाई जलकुम्भी र झारले ढाक्दै गएको हो ।

टरुवा तालसँगै हरियाली वातावरण, नजिकै रहेको नर्मदेश्वर महादेव मन्दिर, ताल परिसरसँगै जोडिएको गुम्बा आफैँमा पर्यटकीय सम्भावना बोकेका क्षेत्र छन् । यसलाई जोडेर एकिकृत रूपमा विकास गर्न सके जिल्लाकै सुन्दर पर्यटकीय गन्तव्य बन्ने नवलपुर पर्यटन समितिका अध्यक्ष फन्सराम महतोले बताए । पूर्वपश्चिम राजमार्गबाट करिब एक किलोमिटरमा रहेको प्राकृतिक रूपमा सुन्दर ठाउँ भएकाले यसको संरक्षणमा थप काम गर्नुपर्ने अध्यक्ष महतोले जनाए ।

हालको कावासोती बजार स्थापनामा टरुवा ताल जोडिन्छ । हालको बजार क्षेत्र मानिने कावासोती-२, ३, ८ मा तत्कालीन वस्ती विकासको समयमा खानेपानीको उपलब्धता नहुँदा टरुवा तालको पानीले स्थानीयले आवश्यकता परिपूर्ति गर्ने गर्दथे । सोही तालको मुहानबाट पानी ल्याएर यहाँका बासिन्दाले पिउने, गाईवस्तुलाई खुवाउन देखि घर निर्माणकार्यसमेतमा प्रयोग गर्ने गर्दथे । टरुवा ताल भएकै कारण पानीको उपलब्धता भएको र हालको कावासोती बजारको रूपमा विकास भएको भन्ने धारणा रहिआएको छ । यसकारण पनि ताललाई ऐतिहासिक टरुवा तालको संज्ञा दिने गरिएको छ ।

**रुपन्देहीका...**

सिद्धार्थनगरले पनि अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु. २० करोड ४१ लाख ६१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.७० लाख ४५ हजार र स्थानीय तह प्रशासकिय भवन रु. १० लाख समेत गरी रु. २१ करोड २२ लाख ६ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन ।

यस्तै लुम्बिनी नगरपालिकाको रु. २ अर्ब ५ करोड ५८ लाख ८० हजारको लेखापरीक्षण गरिएकोमा रु. ५ करोड ८५ लाख ८८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ७ लाख ७१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु. ५ करोड ७८ लाख १७ हजारमध्ये असुल गर्नुपर्ने रु.१० लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ९१ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड ६६ लाख ६६ हजार र पेश्की बाँकी रु. ९ लाख ३७ हजार रहेको छ । नगरपालिकाको गत वर्षसम्म संपरीक्षणपश्चात् रु.२६ करोड २३ लाख १८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.३२ करोड १ लाख ३५ हजार रहेको छ ।

लुम्बिनी नगरपालिकाले पनि अन्तरसरकारी वित्तीय विवरण हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २७ करोड २३ लाख २८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २२ लाख ८५ हजार र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.४४ लाख ३२ हजार समेत रु.२७ करोड ९० लाख ४५ हजार सुत्रमा समावेश गरेको छैन ।

यस्तै देवदह नगरपालिकाको रु. १ अर्ब ८९ करोड ९८ लाख २० हजारको लेखापरीक्षण गरिएकोमा रु. ४ करोड १३ लाख ६४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ३५ लाख ३१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु. ३ करोड ७८ लाख ३३ हजार मध्ये असुल गर्नुपर्ने रु. ४ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु .८९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५२ लाख ८८ हजार र पेश्की बाँकी बेरुजु रु.३२ लाख रहेको छ । नगरपालिकाको गत वर्षसम्मको बेरुजु रु.२० करोड ५४ लाख ३३ हजारमध्ये रु. १ करोड ७३ लाख ८१ हजार फछ्र्यौट भई रु. १८ करोड ८० लाख ५२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.२२ करोड ५८ लाख ८५ हजार र पेश्की बांकी रकम रु. ३२ लाख रहेको छ । देवदहले पेश पनि अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २४ करोड १९ लाख ९४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम संघको रु. ८९ लाख ५८ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम प्रदेशको रु. ३ लाख १४ हजार समेत रु.२५ करोड ११ लाख ६६ हजार सुत्रमा समावेश गरेको छैन ।

यस्तै सैनामैना नगरपालिका नगरपालिकाको रु.२ अर्ब २ करोड ६७ लाख ५१ हजार लेखापरीक्षण गरिएकोमा रु. १ करोड ६७ लाख १ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.६० लाख ५० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ३६ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.८ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.६२ लाख १५ हजार रहेको छ । गत वर्षसम्म सम्परीक्षण पश्चात रु.७ करोड ३५ लाख ८८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.८ करोड ४२ लाख ३९ हजार रहेको छ । सैनामैनाले पनि अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु. २७ करोड ५७ लाख ५४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.५९ लाख २९ हजार, पर्यटन पूर्वाधार रु. २१ लाख ३४ हजार र एकिकृत स्वास्थ्य पूर्वाधारको रु.२ करोड ९ लाख ९० हजार समेत गरी रु.३० करोड ४८ लाख ६ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन ।

गाउँपालिकातर्फ सबैभन्दा बढी बेरुजु रोहिणी गाउँपालिकाको देखिएको छ । रोहिणी गाउँपालिकाको रु.१ अर्ब २० करोड १६ लाख ४८ हजार लेखापरीक्षण गरिएकोमा रु. ७ करोड ८९ लाख ६२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त नभएको भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.२८ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ८५ लाख १० हजार, नियमित गर्नुपर्ने रु.६ करोड २६ लाख ८९ हजार र पेस्की बाँकी रु.४९ करोड ४० लाख हजार रहेको छ । गत वर्षसम्म रु.१७ करोड ६७ लाख ९७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२५ करोड ५५ लाख ५२ हजार रहेको छ । रोहिणीले अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु.१४ करोड २९ लाख ४२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१५ लाख १० हजार र शिक्षा विज्ञान प्रविधि मन्त्रालयको रु.३ लाख ३ हजार समेत गरी रु.१४ करोड ४७ लाख ५५ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन ।

यस्तै कोटहीमाई गाउँपालिकाको रु. १ अर्ब ८ करोड ११ लाख ८१ हजारको लेखापरीक्षण गरिएकोमा रु. ५ करोड १९ लाख ७८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१२ लाख ९१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु. ५ करोड ६ लाख ८७ हजारमध्ये असुल गर्नुपर्ने रु. १४ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.३० लाख २ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ६ लाख २ हजार र पेश्की बाँकी रु.१ करोड ५६ लाख रहेको छ । गाउँपालिकाको गत वर्षसम्मको बाँकी बेरुजु रु. २२ करोड ५५ लाख २४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्षको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २७ करोड ६२ लाख ११ हजार रहेको छ । कोटहीमाई गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म. ले. प. फा. न. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४ करोड ३३ लाख २३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ९ लाख ३० हजार र गरिबसँग विश्रेश्वर कार्यक्रमको रु. ६ लाख ३९ हजार समेत गरी रु. १४ करोड ४८ लाख ९२ हजार स्थानीय सन्चित कोष व्यवस्थापन प्रणालीमा समावेश गरेको छैन ।

गैंडहवा गाउँपालिकाको रु. १ अर्ब ६१ करोड ३३ लाख ४८ हजार लेखापरीक्षण गरिएकोमा रु. ४ करोड ८२ लाख ५ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. १ करोड ९ लाख ४८ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु ३ करोड ७२ लाख ५७ रहेकोमा असुल गर्नुपर्ने रू. ३८ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५९ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५७ लाख २९ हजार र पेस्की बाँकी रु.१६ लाख ४४ हजार रहेको छ । गत वर्षसम्मको बेरुजु रु. १६ करोड १० लाख ५७ हजारमध्ये रु.२ करोड ५८ लाख २० हजार फर्स्यौट भई रु.१३ करोड ५२ लाख ३७ हजार रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.१७ करोड २४ लाख ९४ हजार रहेको छ ।

गैंडहवा गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १७ करोड १२ लाख १ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ४५ लाख ८० हजार, एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु. १० करोड १९ लाख ८५ हजार र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. ३० लाख समेत गरी रु. २८ करोड ७ लाख ६६ हजार सुत्रमा लेखांकन गरेको छैन ।

यस्तै सम्मरीमाई गाउँपालिकाको रु. १ अर्व १२ करोड ४२ लाख ४९ हजार लेखापरीक्षण गरिएकोमा रु. ३ करोड ९६ लाख १४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १ लाख ८९ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.३ करोड ९४ लाख २५ हजार रहेकोमा असुल गर्नुपर्ने रू. ७ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ८ लाख ३५ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ७८ लाख ४२ हजार रहेको छ। गाउँपालिकाको गत वर्ष सम्मको बेरुजु रु.२२ करोड ४२ लाख ९५ हजार बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.२६ करोड ३७ लाख २० हजार रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गाउँपालिकाले सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु. १४ करोड ३३ लाख १९ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ६ लाख ७० हजार समेत गरी रु. १४ करोड ५६ लाख ९१ हजार सुत्रमा समावेश गरेको छैन ।

सियारी गाउँपालिको रु. १ अर्ब ५१ करोड ७० लाख ३ हजारको लेखापरीक्षण गरिएकोमा रु. २ करोड ८३ लाख ९१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२२ लाख ९० हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.२ करोड ६१ लाख १ हजार रहेकोमा असुल गर्नुपर्ने रु. २७ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने र.४० लाख ९८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९१ लाख ६२ हजार र पेस्की बाँकी रु. १ लाख रहेको छ । गत वर्षसम्मको बेरुजु रु.१३ करोड ३१ लाख ६१ हजारमध्ये रु. १३ लाख ९० हजार फछ्र्यौट भई सम्परीक्षण पश्चात बाँकी बेरुजु रु.१३ करोड १७ लाख ७१ हजार रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड ७८ लाख ७२ हजार रहेको छ । सियारीले पनि अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५ करोड १३ लाख ८२ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३८ लाख ३० हजार समेत गरी रु. १५ करोड ५२ लाख १२ हजार सुत्रमा लेखांकन गरेको छैन ।

यस्तै मायादेवी गाउँपालिकाको रु.१ अर्ब २६ करोड ६४ लाख ११ हजार लेखापरीक्षण गरिएकोमा रु. २ करोड ७८ लाख ९८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रु.४ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड २८ लाख २४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४४ लाख ३७ हजार र पेस्की बाँकी रु. १ लाख ९० हजार रहेको छ। गत वर्षसम्म सम्परीक्षणपश्चात् रु.१९ करोड ३ लाख ७० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड ८२ लाख ६८ हजार रहेको छ । मायादेवीले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु. १५ करोड ६९ लाख २ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.११ लाख ६० हजार र एकिकृत स्वास्थ्य पूर्वाधार रु. ३ करोड १९ लाख २६ हजार समेत गरी रु.१८ करोड ९९ लाख ८८ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन ।

मर्चवारी गाउँपालिकाको रु. १ अर्ब ३ करोड ५ लाख ८ हजारको लेखापरीक्षण गरिएकोमा रु. २ करोड ४५ लाख ६० हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.४६ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. २ करोड ४५ लाख १४ हजार रहेकोमा असुल गर्नुपर्ने रु. १२ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १२ लाख ४० हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८ लाख ४१ हजार र पेस्की बाँकी रु.११ लाख ५० हजार रहेको छापालिकाको गत वर्षसम्म रु.२९ करोड ७१ लाख ५६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.३२ करोड १६ लाख ७० हजार रहेको छ । मर्चवारीले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३ करोड ७१ लाख ९१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १ लाख ८० हजार समेत गरी रु. १३ करोड ७३ लाख ७१ हजार खर्च स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा समावेश गरेको छैन ।

यस्तै ओमसतिया गाउँपालिकाको रु.१ अर्ब ८ करोड ५२ लाख ८५ हजार लेखापरीक्षण गरिएकोमा रु. २ करोड ४५ लाख १८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा पालिकाको कुनै प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. २८ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७४ लाख ३६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३४ लाख ५ हजार र पेस्की बाँकी रु.८ लाख ३८ हजार रहेको छ । गत वर्षसम्म सम्परीक्षणपश्चात् रु.५ करोड ६२ लाख ७७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ७ लाख ९५ हजार रहेको छ ।

ओमसतियाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु. १२ करोड २५ लाख ५१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.२५ लाख ३० हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. २ लाख ४५ हजार समेत गरी रु. १२ करोड ५३ लाख २६ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन ।

यस्तै शुद्धोधन गाउँपालिकाको रु. १ अर्ब २७ करोड ८२ लाख ७४ हजारको लेखापरीक्षण गरिएकोमा रु. २ करोड ४३ लाख २० हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ३८ लाख ६२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु.२ करोड ४ लाख ५८ हजार मध्ये असुल गर्नुपर्ने रु.१६ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१९ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४९ लाख ३९ हजार र पेस्की बाँकी रु.१९ लाख रहेको छ । गाउँपालिकाको गत वर्षसम्मको बाँकी रु. १३ करोड ९३ लाख बेरुजुमध्ये रु. ३ करोड ६६ लाख २ हजार सम्परीक्षण भई रु.१० करोड २६ लाख ९८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.१२ करोड ३१ लाख ५६ हजार रहेको छ ।

शुद्धोधनले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. न. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ६४ लाख १७ हजार, सामाजिक विकास कार्यक्रमको रु. ३ लाख ७५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५२ लाख ३६ हजार र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रु. २ लाख ९८ हजार समेत रु. १३ करोड २३ लाख २६ हजार सुत्रमा समावेश गरेको छैन ।

कञ्चन गाउँपालिकाको रु. १ अर्ब २७ करोड ८२ लाख २७ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड १६ लाख ८८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. २० लाख ७९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी रहेको बेरुजु रु. ९६ लाख ८ हजारमध्ये असुल गर्नुपर्ने रु. ३ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१३ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.७९ लाख ६५ हजार रहेको छ । गाउँपालिकाको गत वर्षसम्मको बेरुजु रु.११ करोड ७१ लाख ६९ हजार रहेकोमा रु. ३ करोड १६ लाख २२ हजार फछ्र्यौट भई सम्परीक्षणपश्चात् रु.८ करोड ५५ लाख ४७ हजार बेरुजु बाँकी रहेको र यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ५१ लाख ५५ हजार रहेको छ । कञ्चन गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म. ले. प. फा. न. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १६ करोड ५० लाख १४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३७ लाख समेत रु.१६ करोड ८७ लाख १४ हजार सुत्रमा लेखाङ्कन गरेको छैन ।

**स्वरोजगार...**

‘खाली दिमाग शैतानको बास भन्छन्, ६ जनाले १०, १० हजार लगानी गरेर सुरु गरेका हौं । अहिले काम गर्न जाँगर बढेको छ ।’-उनले भनिन् ।

त्यस्तै बुटवल उप-महानगरपालिका वडा नम्बर ३ की प्रियंका गुरुङले २०८१ मा वरिष्ठको तालिम लिइन् । वरिष्ठको तालिममा सहभागी भएपछि अहिले प्रियंकाले सीप अनुसारको रोजगारी पाएकी छिन् । ‘घर चलाउन सजिलो भएको छ, रोजगारी पाएकी छु, राम्रो गर्न सके आफ्नै केही गर्ने सोंच पनि छ र यो सँगै अझै एडभान्स तालिम पाउन पाए राम्रो हुने थियो,’ प्रियंकाले भनिन्-‘हामीले हातैले बनाउने चप्पल डिजाइनदार त हुन्छ नै, लगाउन पनि निकै सजिलो छ । तुलनात्मक रूपमा सस्तो छ । धुन पनि मिल्छ ।’

उप-महानगरपालिकाको तथ्यांकअनुसार २०८१/०८२ मा मात्रै ९० जना महिलालाई जुत्ताचप्पल बनाउने तालिम दिइएको थियो । अन्य तालिमहरू-जस्तै, फेसन डिजाइन, सिलाइकटाइ, पार्लर तालिम, ज्येष्ठ नागरिक केयर गिभर तालिम, बालबालिका सहजकर्ता तालिम पनि सञ्चालित छन् ।

बुटवल उप-महानगरपालिका वडा नं. ३ का अध्यक्ष यज्ञ विष्णु ढकालले आवश्यकताअनुसार सीप विकासअन्तर्गत जुत्ता बनाउने, कौसी खेती तालिम, धुप बनाउने तालिम, नेतृत्व विकासलगायतका कार्यक्रमहरु गरिएको बताए । यस्ता सीपले आत्मनिर्भर र नेतृत्वमा अग्रसर हुन सहयोग समेत गरेको छ ।

महिलाहरुलाई घरबाट बाहिर निस्किन नदिने अवस्थाबाट हामी आएको महिलाहरूलाई अधिकार दिने पक्षमा लागिरहँदा वास्तवमा महिलालाई आर्थिक आयआर्जनमा जोड्न आर्थिक रुपले आत्मनिर्भर बन्नुपर्छ भनेर योजना बनाएर काम गरेको नगर उप-प्रमुख सावित्री अर्यालले जानकारी दिइन् । ‘महिलाहरुलाई सीप र रोजगारमा जोडियो भने मात्र महिला सशक्तिकरणले सार्थकता पाउँछ ।’- नगर उप-प्रमुख अर्यालले भनिन् ।

नगरले स्वदेशमै रोजगारी श्रृजना गरेर आत्मनिर्भर बनाइ आत्मसम्मानका साथ आफ्नो निर्णय गर्न सक्ने अब्बल बुटवलवासी बनाउने भन्दै धेरै बजेट विनियोजन गरी कार्यान्वयन गरिरहेको छ । बुटवल उप-महानगर पालिका प्रमुख खेलराज पाण्डेले सबै नगरवासीलाई सीपसँग जोड्ने रोजगारी प्रदान गर्ने संगठित गराउने सामाजिकरण हुने र आफ्नो अनुभव आदानप्रदान गर्दै समाजमा भइपरी आएका विविध काममा सहयोग गर्ने गरी अभियानकै रुपमा लागेको बताए ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297




**विश्व रक्तदाता दिवसः रक्तदान गर्दै रक्तदाताः**

दाङ महिला जेसीजको आयोजनामा शनिबार घोराही उप-महानगरपालिका-१५ स्थित त्रिभुवन नगर जेसीज भवनमा आयोजित रक्तदान कार्यक्रममा सहभागी रक्तदाता। विश्व रक्तदाता दिवसको अवसर पारेर जेसीजले जेसीज सप्ताह २०२५ को पहिलो दिन रक्तदान कार्यक्रम आयोजना गरेको हो। तस्विरः कुलदीप न्यौपाने/रासस

# लुम्बिनीको बजेट आज आउँदै




दाङ। लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि आज आइतबार बजेट प्रस्तुत गर्ने भएको छ। प्रदेशसभाको तेह्रौँ बैठक दिउँसो ३ बजे बस्ने तय भएको छ। उक्त बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्ने कार्यक्रम रहेको प्रदेशसभा सचिव दुर्लभकुमार पुनमगरले जानकारी दिए। बजेटसँगै मन्त्री कार्कीले 'प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक' पनि प्रदेशसभामा पेश गर्नेछन्। नीति तथा कार्यक्रमको आधारमा तयार गरिएको यो बजेटले लुम्बिनी प्रदेशको समृद्धि, सुशासन र सामाजिक न्यायलाई सन्तुलितरूपमा सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

लुम्बिनी प्रदेश सरकारले आगामी वर्षको बजेटमा कृषि, रोजगारी, पूर्वाधार, पर्यटन, शिक्षा, स्वास्थ्य, उद्योग, वातावरण, सूचना प्रविधि र सामाजिक सुरक्षालाई प्रमुख प्राथमिकतामा राख्ने तयारी गरेको छ। समावेशी विकास, विपद् जोखिम न्यूनीकरण, दिगो विकास लक्ष्यमार्फत् आर्थिक वृद्धिको आधार तयार गर्ने सरकारको उद्देश्य छ।

मुख्यमन्त्री चेतनारायण आचार्यले वार्षिक नीति तथा कार्यक्रमको जगमा उभिएर सरकारले बजेट ल्याउन थालेको बताए। प्रदेशको समृद्धि र विकासलाई लयमा हिडाउनेगरी सरकारले बजेटमा प्राथमिकताहरु तय गरेको मुख्यमन्त्री आचार्यले स्पष्ट पारे। 'प्रदेशवासीको विकास प्रतिको तिब्र चाहनालाई बजेटले प्राथमिकतामा राखेको छ,' आचार्यले भने-'कृषि, पर्यटन, उद्योगलगायतलाई समृद्धिको आधारको रुपमा मानेका छौं।' मुख्यमन्त्री चेतनारायण आचार्यले नीति तथा कार्यक्रमको जगमा उभिएर बजेट ल्याइने स्पष्ट पार्दै, यस बजेटले लुम्बिनी प्रदेशको समग्र समृद्धि र जनताको जीवनस्तर उकास्न सघाउने विश्वास व्यक्त गरेका छन्। उनले बजेटले प्रदेशको सामाजिक र आर्थिक रूपान्तरणमा टेवा पुर्‍याउने समेत बताए।

चालू आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशले ३८ अर्ब ९७ करोड रुपैयाँको बजेट ल्याएको थियो। आगामी वर्षका लागि बजेटको आकार केही घटाएर ल्याउने तयारी सरकारको रहेको छ। स्रोत परिचालनमा देखिएको चुनौती, खर्चको प्रभावकारिता र प्राथमिकताका पुनःनिर्धारणका आधारमा बजेटको आकार सन्तुलित बनाइने जनाइएको छ। सरकारले ल्याउन लागेको बजेटले समावेशी, जनउत्तरदायी र परिणाममुखी नीति र कार्यक्रममार्फत् लुम्बिनी प्रदेशको समृद्धि यात्रालाई नयाँ गति दिने अपेक्षा गरिएको छ।

**कृषि र रोजगारीलाई प्राथमिकता**

प्रदेश सरकारले कृषिमा यान्त्रीकरण, बीउ तथा मलको सहज आपूर्ति, सिँचाइको पहुँच विस्तार, कृषि बजार व्यवस्थापन, अनुसन्धान तथा प्रविधिको हस्तान्तरण, किसानलाई सहुलियतपूर्ण ऋण तथा बिमा जस्ता कार्यक्रमलाई बजेटको प्राथमिकतामा राखेको छ। कृषि उत्पादन बढाएर रोजगारी सिर्जना गर्ने र ग्रामीण अर्थतन्त्र सशक्त बनाउने उद्देश्य सरकारले लिएको छ। युवाहरूलाई उद्यमशीलता र सीपमूलक तालिममार्फत् रोजगारीमा जोड्ने, स्वरोजगार कार्यक्रम विस्तार गर्ने, घरेलु तथा साना उद्योगको प्रवर्धन गर्ने जस्ता कार्यक्रम पनि बजेटको केन्द्रमा हुने छन्। रोजगारी सिर्जना गर्ने कार्यक्रमहरूलाई लक्षित बजेट निर्माणमा सरकार केन्द्रित भएको जनाइएको छ।

**पूर्वाधार र विकास निर्माणमा जोड**

पूर्वाधार निर्माणलाई गतिशील बनाउन सडक, पुल, सिँचाइ, खानेपानी, ऊर्जा, आवास तथा डिजिटल पूर्वाधारको विकासमा ठूला बजेट विनियोजन गरिने सरकारको तयारी छ। प्रदेश राजमार्ग विस्तार, ग्रामीण सडक स्तरोन्नति, नदी नियन्त्रण, र स्थानीय पूर्वाधारमा लगानी वृद्धि गरिँदैछ। त्यस्तै, पर्यटन प्रवर्धनका लागि बौद्ध दर्शन मार्गको विकास, लुम्बिनी र आसपासका क्षेत्रको संरचना सुधार, आन्तरिक तथा बाह्य पर्यटक आकर्षणका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। लुम्बिनीलाई अन्तर्राष्ट्रिय धार्मिक तथा सांस्कृतिक गन्तव्यको रूपमा उभ्याउने रणनीति बजेटमा समेटिनेछ।

**शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा**

शिक्षा क्षेत्रमा गुणस्तरीय शिक्षा प्रवाह, विद्यालय सुधार योजना, प्रविधिमैत्री शिक्षा कार्यक्रम, तालिम केन्द्र स्थापना, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्धन जस्ता कार्यक्रमहरू बजेटमा प्राथमिकतामा परेका छन्। स्वास्थ्य सेवाको पहुँच विस्तार, सुविधा अभावमा रहेका अस्पतालको स्तरोन्नति, विशेष उपचार सेवाको विकास, सुरक्षित मातृत्व कार्यक्रम तथा दूरदराज क्षेत्रका स्वास्थ्य संस्थामा जनशक्ति तथा औषधि सुनिश्चिततामा बजेट केन्द्रित गरिने छ। अपांगता भएका व्यक्तिहरूको संरक्षण, बालबालिका र ज्येष्ठ नागरिकका लागि लक्षित कार्यक्रम, महिला सशक्तिकरणका कार्यक्रम पनि बजेटमा समावेश गरिने तयारी भएको छ।

# ग्रील व्यवसायका चुनौतीसम्बन्धी तालिम सम्पन्न



बुटवल। ग्रील, स्टिल तथा आल्मुनियम व्यवसायी संघ रुपन्देहीको आयोजनामा भएको ग्रील व्यवसायीहरुका चुनौती एवं समाधानसम्बन्धी गोष्ठी तथा सुरक्षा र व्यवसाय अभिवृद्धि विषयक दुई दिने तालिम सम्पन्न भएको छ। तालिममा संघका वरिष्ठ सल्लाहकार लेखनाथ पौडेलले कार्यपत्र प्रस्तुत गरेका थिए भने अनन्त सिलवालले व्यवसाय अभिवृद्धि विषयमा र विष्णुबहादुर रानाले कामदारको सुरक्षाका विषयमा तालिम दिएका थिए। यस्तै बुटवल उद्योग वाणिज्य संघका उपाध्यक्ष सुरज भट्टराई, रुपन्देही उद्योग संघका हरिबहादुर खत्रीले कार्यपत्र माथि टिप्पणी गरेका थिए।

तालिम समापनमा ग्रील तथा स्टिल व्यवसायी महासंघ, महिला उद्यमी विभाग उपाध्यक्ष देवी कार्की, संघका अध्यक्ष बुद्धिप्रसाद गुरुङ, पूर्व अध्यक्षहरु तुलबहादुर सारु, दिलबहादुर राना, कार्यक्रम संयोजक मदन घर्ती, संघका सचिव विष्णुबहादुर रानालगायतले आफ्ना भनाइ राखेका थिए।

संघका अध्यक्ष बुद्धि गुरुङले दर्ता विना सञ्चालित ग्रीलकर्मीका कारण दर रेटमा अस्वस्थ प्रतिस्पर्धा हुन गई राज्यलाई कर तिरेर व्यवसाय गर्ने व्यवसायीहरु मारमा परेको बताए। ग्रील जोनका लागि बुटवल उपमहानगरले जग्गा उपलब्ध गराउन नसक्दा संघीय सरकारले विनियोजन गरेको एक करोड रुपैयाँ फ्रिज भएर जाने निश्चित भएको गुनासो गर्दै ग्रील जोन र संघको कार्यालय भवनका लागि जग्गा दिन अध्यक्ष गुरुङले माग गरे।

संघका पूर्व अध्यक्ष दिलबहादुर रानाले कच्चा पदार्थमा परनिर्भरता र मूल्यमा अस्थिरता, दक्ष कामदार अभाव, अस्पष्ट सरकारी नीतिलगायतका कारण व्यवसायमा चुनौती रहेको बताए।

तालिमका लागि बुटवल उप-महानगरपालिकाले दुई लाख रुपैयाँ बजेट दिने भएको छ। तालिम उद्घाटनमा नगर प्रमुख खेलराज पाण्डेयले बुटवलमा ग्रीलजोन निर्माण र संघको कार्यालय भवनका लागि जग्गा उपलब्ध गराउने आश्वासन दिएका थिए। कार्यक्रममा संघका अध्यक्ष गुरुङले नगरप्रमुख पाण्डेयलाई १८ बुँदे समस्या, १६ बुँदे अवसर र ग्रीलजोन स्थापनाको आवश्यकतासहितको प्रतिवेदन हस्तान्तरण गरेका थिए। २०६६ सालमा दर्ता भएको संस्थामा रुपन्देही भर १४ सय बढी व्यवसायी छन् भने बुटवलमा मात्रै २८४ व्यवसायी छन्।

# रूपन्देहीमा ६४ जना रक्तदाता सम्मानित




बुटवल। विश्व रक्तदाता दिवसको अवसरमा रुपन्देहीमा ६४ जना नियमित रक्तदातालाई सम्मान गरिएको छ।

'रक्तदान गरौं आशा जगाऔं, सँगै मिलि जीवन बचाऔं' भन्ने नाराका साथ नेपाल रेडक्रस सोसाईटी रुपन्देही शाखाको आयोजनामा विश्व रक्तदाता दिवस २०८२को अवसरमा आयोजित रक्तदाता सम्मान कार्यक्रममा नियमित रक्तदान गर्नेलाई सम्मान गरिएको हो।

बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेय, जिल्ला सभापति रामचन्द्र उपाध्याय, उप-सभापति एवं रक्तसञ्चार केन्द्र समिति संयोजक सुशील गुरुङलगायतले सम्मान गरेका थिए।

अग्रज सम्मानितअन्तरगत यस क्षेत्रको पहिलो रक्तदाता मृगेन्द्र शेरचन, चित्रमान गौचनलगायत ५ जनालाई सम्मान गरिएको थियो भने स्वर्ण पदकमार्फत् ७ जना, रजत पदकमार्फत् २७ जना र प्रशंसापत्रबाट २५ जना गरी ५९ जनालाई सम्मान गरिएको थियो।

कार्यक्रममा बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले रक्तदान मानव जीवन बचाउने महत्वपूर्ण भएकोले बुटवलका स्थानीयलाई रगत किन्दा लाग्ने रकम तिर्नु नपर्नेगरी रेडक्रससँग सम्झौता भएको बताउँदै सबै पालिकाले यसो गरेमा जनताले निःशुल्क गरेको रगत बिरामीले निशुल्क प्राप्त गर्न सक्ने बताए।

उपसभापति एवं रक्तसञ्चार केन्द्र समिति संयोजक सुशील गुरुङले निरन्तर रक्तदान गर्नको लागि प्रोत्साहन गर्न सम्मान कार्यक्रम गरिएको बताउँदै यस्ता सम्मानले रक्तदाताको मनोबल बढ्नुका साथै नियमित गर्ने वातावरण बन्नेमा विश्वास व्यक्त गरे।

कार्यक्रममा रेडक्रस रुपन्देही सभापति रामचन्द्र उपाध्यायले रेडक्रसले चाहेर मात्रै रगत निःशुल्क हुने अवस्था नरहेको बताए।

नेपाल स्वयंसेवी रक्तदाता समाजका महासचिव कृष्ण चौहान क्षेत्रीले निःशुल्क रगतका लागि पालिका पलिकासँग सम्झौता गर्नुभन्दा प्रदेश सरकारसमक्ष गएमा निःशुल्क रगत प्रदानमा सहजता हुने उल्लेख गरे।

नियमित रक्तदाता समाजका अध्यक्ष दया शिलवालले रगतको आवश्यकताअनुसार रक्तदान नभएको अवस्थामा यस्ता सम्माने रक्तदाताको नियमिततामा राम्रो प्रभाव पार्ने उल्लेख गरे। रक्त सञ्चार सेवा केन्द्र बुटवल इञ्चार्ज राधा ज्ञवालीले प्रशंसा पत्र, रजतपदक र कास्यपदक पाउनको लागि विभिन्न मापदण्ड रहेको बताउँदै महिला पुरुष तथा दुर्लभ रक्तदाताको लागि पनि छुट्टै व्यवस्था रहेको जानकारी गराइन्।

३३ पटक रक्तदान गरेकी गोमा ज्ञवालीले महिलाले रक्तदान गर्न सक्छन् भन्ने उदाहरण बन्न पाउँदा खुसिलागेको बताइन्। सम्मानित रक्तदाता अशेष सीलवालले सम्मानले नियमित रक्तदान गर्ने मनोबल बढेको बताउँदै रगतको सम्मानको रुपमा लिएको बताए। मन्त्री टेकराज थापाको सञ्चालन तथा कोषाध्यक्ष अर्जुन राज उपाध्यायको सिद्धान्त वाचनमा कार्यक्रम सम्पन्न भएको थियो।

# कफीको बिरुवाको माग बढ्दो

गुल्मी। बर्सातको समय सुरु भएसँगै गुल्मीमा कफीका बिरुवाहरूको माग अत्यधिक बढेको छ। मुसिकोट नगरपालिका-५ स्थित कफी विकास केन्द्र आँपचौरमा कफी नर्सरीमा उत्पादित बिरुवा किसानहरूलाई पुर्‍याउन मुस्किल भएको छ।

कफी विकास कार्यालयले किसानको मागअनुसार कफीका बिरुवा थोरै उत्पादन भएका कारण उपलब्ध गराउन समस्या भएको कफी विकास केन्द्र आँपचौरका प्रमुख जीवन आचार्यले जानकारी दिए।

मुसिकोट नगरपालिका-५ स्थित कफी विकास केन्द्र आँपचौरमा रहेको नर्सरीबाट यस पटक किसानहरूले दुई लाख कफीका बिरुवाको माग आएको आचार्यले बताए। कफी किसानहरूले यति धेरै बिरुवाको माग गरे पनि केन्द्रमा यस पटक ७० हजार मात्र बिरुवा उत्पादन भएको उनले जनाए। कफी विकास केन्द्रले कफीका बिरुवा उत्पादन गर्नुका साथै बिक्री वितरण गर्दै आइरहको छ। यहाँको नसरीमा उत्पादित बिरुवा राम्रो गुणस्तर युक्त मानिन्छ। यस पटक पनि गुल्मीसहित अर्घाखाँची, कास्की, स्याङ्जा, लमजुङ, धादिङलगायत ४० भन्दा बढी जिल्लाबाट कफीका बिरुवाको माग हुँदै आएको कार्यालयले जनाएको छ।

कफीका बिरुवाको माग धेरै भए पनि आवश्यक स्रोत र जनशक्तिको अभावका कारण मागअनुसार केन्द्रले बिरुवा उत्पादन गर्न सकिरहेको छैन। मुसिकोट नगरपालिका-५ अन्तर्गत आँपचौरमा रहेको कफी विकास केन्द्र नेपाल सरकारको सङ्घीय बागवानी तथा राष्ट्रिय बीउ बेर्नाको स्रोतकेन्द्र पनि हो। तत्कालीन राजा वीरेन्द्रले विसं २०४१ मा आँपचौरमा कफी विकास केन्द्र स्थापना गरेसँगै गुल्मीमा व्यावसायिक रुपमा कफीखेती गर्न सुरु गरिएको थियो। कफी विकास केन्द्रमा प्रतिबिरुवा अहिले रु ४० मा बिक्री हुँदै आएको छ। कफी विकास केन्द्रले बगैँचा व्यवस्थापन, बीउ उमार्ने, टिप्ने र प्रशोधन गर्नेलगायतका काम गर्दै आएको छ। यसका लागि कफी उत्पादन हुने समयमा ४० देखि ५० जना व्यक्तिले अस्थायी रुपमा रोजगारी पाउने गरेका छन्। केन्द्रमा कफी पल्पिङ मेसिन, कफी हलर मेसिन, कफी ड्रयार, रोस्टर मेसिन र कफी स्प्रे सो मेसिन समेत उपलब्ध छ।

कफी बगैँचा स्थापना गर्नका लागि केन्द्रले आँपचौरमा अहिले १८४ रोपनी जग्गा खरिद गरेको छ। उक्त बगैँचामा यतिबेला १२ हजार कफीका बिरुवा लगाई सकिएको कार्यालय प्रमुख आचार्यले बताए। कफीको जननी जिल्ला गुल्मीको आँपचौरमा कफी बगैँचा विस्तार गर्ने उद्देश्यले अहिले छ वटा नर्सरीमा ६० हजार कफीका बिरुवा रोपण गरिएको छ।

पछिल्लो समयमा किसानलाई कफीमा लाग्ने सेतो गबारो मुख्य समस्या बन्दै गइरहेको छ। सेतो गबारोका कारण जिल्लामा १५ प्रतिशत कफीका बोट नष्ट हुने अवस्थामा रहेका छन्। जिल्लामा कफीखेतीमा कृषकको आकर्षण बढे पनि समय समयमा कफीमा देखिने सेतो गबारो, ढुसी, डढुवा आदिका कारण कफीका बोटहरूमा क्षति पुग्ने गरेको किसानहरुको गुनासो। गुल्मीमा अहिले करिब ३०० हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको छ।

गुल्मीमा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्र भण्डारीडाँडालगायत स्थानीयतहले कफीको क्षेत्रमा काम गर्दै आइरहेका छन्।

# विश्व रक्तदाता दिवसमा संघ संस्थालाई सम्मान




नवलपरासी। विश्व रक्तदाता दिवसका अवसरमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा पश्चिम नवलपरासीले शनिबार पाल्हीनन्दन गाउँपालिकाको रम्पुरवामा रक्तदाता तथा रक्त संकलनमा सहयोग पुर्‍याउने संघ सस्थाहरुलाई सम्मान गरेको छ।

पूर्व गृहराज्यमन्त्री देवेन्द्रराज कण्डेलको आतिथ्यतामा नेपाल रेडक्रस सोसाइटी नवलपरासी शाखाका अध्यक्ष राजेन्द्रप्रसाद अग्रहरिको अध्यक्षतामा सम्मान कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि पूर्व मन्त्री देवेन्द्रराज कण्डेलले आफूले गरेको रक्तदानले अरुको जीवन बच्ने भएका कारण रक्तदानको निकै ठूलो महत्व रहेको बताए। सबैको रगत रातो भएको भए पनि सबैको रगत सबैलाई नमिल्ने भएको हुँदा रगतका पनि ८ वटा ग्रुप विभाजन गरेको बताए।

कार्यक्रममा शाखाका उप-सभापति सुरज केसीले नवलपरासी शाखाले एक वर्षमा १५ सय ४१ पोइन्ट रगत संकलन गरेको, ५० संघ संथाले रक्तदान गरेको, १ सय ३० व्यक्तिले रक्तदान गरेको र १ सय ७५ जना नियमित रक्तदाता रहेको जानकारी दिए। शाखाले कतिपय स्थानीय दहसँग सम्झौता गरेर स्थानीयलाई रगत उपलब्ध गराउँदै आएको जानकारी दिए। कार्यक्रममा प्रदेश कोषाध्यक्ष हैदर अलि मोमीनलगायतले रक्तदानको महत्वका बारेमा आ-आफ्नो धारणा राखेका थिए।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com